# प्रदेश राजपत्र

कर्णाली प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ८) वीरेन्द्रनगर, सुर्खेत, मंसिर १ गते, २०८२ साल (संख्या १०


## भाग-३

कर्णाली प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालयको

सूचना

कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२
कर्णाली प्रदेश सरकार मन्त्रिपरिषद्बाट स्वीकृत भएकोले यो सूचना
सर्वसाधारणको लागि प्रकाशन गरिएको छ।

**<u>कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२</u>**

कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ लाई संशोधन गर्न वाञ्छनीय भएकोले

कर्णाली प्रदेश वित्तीय हस्तान्तरण (व्यवस्थापन) ऐन, २०७५ को दफा ९ ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि बनाएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१)यस कार्यविधिको नाम कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ को परिभाषा खण्डमा संशोधनः</u> कर्णाली प्रदेश ससर्त अनुदान सम्बन्धी कार्यविधि, २०८२ (यस पछि मुल कार्यविधि भनिएको) को परिभाषाको खण्ड (क) को-

(१) परिभाषाको खण्ड (क) मा रहेको "आयोजना" शब्दको सट्टा "आयोजना वा कार्यक्रम" भन्ने शब्दहरु राखिएको छ।

(२) परिभाषाको खण्ड (ज) पछि देहायको खण्ड (झ) थप गरिएको छ।

"(झ) "सार्वजनिक संस्था" भन्नाले यस कार्यविधि बमोजिम ससर्त अनुदान प्राप्त गर्ने सामुदायिक विद्यालय, कलेज, विश्वविद्यालय तथा सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित संघसंस्था सम्झनुपर्छ।"

३. <u>मुल कार्यविधिको दफा ६ मा संशोधनः</u> मुल कार्यविधिको दफा ६ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ।

आन्तरिक मामिला तथा कानून मन्त्रालय

"(१) दफा ४ मा उल्लिखित क्षेत्र अन्तर्गत स्थानीय तहबाट कार्यान्वयन हुने गरी ससर्त अनुदानबाट सञ्चालन गरिने आयोजना वा कार्यक्रमको लागत सीमा रु. दश लाख देखि रु. पचास लाखसम्मको हुनेछ।"

४. <u>मुल कार्यविधिको दफा ७ मा संशोधन:</u> मुल कार्यविधिको दफा ७ को-

(१) उपदफा (१) मा "हरेक वर्ष वैशाख मसान्तभित्र" को सट्टा "हरेक वर्ष वैशाख पहिलो हप्ताभित्र" भन्ने शब्द राखिएको छ।

(२) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छ।

"(२)सार्वजनिक संस्था वा लाभग्राहीले सार्वजनिक हित र सरोकारको विषयमा ससर्त अनुदानबाट कुनै आयोजना सञ्चालन गर्न आवश्यक ठानेमा सम्बन्धित स्थानीय तहको सिफारिस सहित अनुसूची-१ बमोजिमको ढाँचामा आयोजना प्रस्ताव गर्नुपर्नेछ।"

(३) उपदफा (३) को सट्टा देहायको उपदफा (३) राखिएको छ।

"(३)कर्णाली प्रदेश सभा सदस्यले आफ्नो निर्वाचन क्षेत्रभित्र कुनै आयोजना ससर्त अनुदानबाट स्थानीय तहमार्फत कार्यान्वयन गर्न आवश्यक

आन्तरिक मामिला तथा कानून मन्त्रालय

ठानेमा अनुसूची-२ बमोजिमको ढाँचामा आयोजना प्रस्ताव गर्न सक्नेछ।"

(४) उपदफा (४) को सट्टा देहायको उपदफा (४) राखिएको छ।

"(४)स्थानीय तहले आफ्नो क्षेत्रमा प्रदेश ससर्त अनुदानबाट आयोजना वा कार्यक्रम सञ्चालन गर्न आवश्यक ठानेमा क्रमशः अनुसूची-१ र अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेस गर्नुपर्नेछ।"

(५) उपदफा (५) को सट्टा देहयको उपदफा (५) राखिएको छ।

"(५) उपदफा (१) बमोजिमको अवधिभित्र प्रक्रिया पुऱ्याइ उपदफा (२), (३) र (४) बमोजिमका प्रस्तावकले दफा ६ को उपदफा (१) को सीमाभित्र रही देहाय बमोजिम आयोजना वा कार्यक्रम प्रस्ताव गर्न सक्नेछ।

(क) उपदफा (२) बमोजिमका प्रस्तावकले अधिकतम कुल रु. पचास लाखको सीमाभित्र रही बढीमा दुई वटा आयोजना प्रस्ताव गर्न सक्नेछ।

(ख) उपदफा (३) बमोजिमका प्रस्तावकले अधिकतम कुल रु. दुई करोड सीमाभित्र रही आयोजना प्रस्ताव गर्न सक्नेछ।



आन्तरिक मामिला तथा कानून मन्त्रालय

(ग) उपदफा (४) बमोजिमका प्रस्तावकले अधिकतम कुल रु. एक करोड सीमाभित्र रही बढिमा पाँच वटा आयोजना प्रस्ताव गर्न सक्नेछ।"

(६) उपदफा (७) पछि देहायको उपदफा (८) राखिएको छ।

"(८) यस कार्यविधि अनुसार स्थानीय तहले अन्य निकाय वा संघसंस्थाबाट कार्यान्वयन गर्ने वा पुनः अनुदान दिने वा लगानी गर्ने गरी आयोजना वा कार्यक्रम प्रस्ताव गर्न पाइने छैन।"

५. <u>मुल कार्यविधिको दफा १० मा संशोधनः</u> मुल कार्यविधिको दफा १० को उपदफा (४) पछि देहायको उपदफा (५) थप गरिएको छ।

"(५)यस कार्यविधि बमोजिम स्थानीय तहबाट कार्यान्वयन हुने गरी हस्तान्तरित आयोजना वा कार्यक्रम आफैले कार्यान्वयन नगरी अन्य निकाय वा संघसंस्थाबाट कार्यान्वयन गराउन वा पुनः अनुदान दिन वा लगानी गर्न पाइने छैन।"

आज्ञाले
यज्ञ पुरी
प्रदेश सचिव

निर्णय भएको मिति २०८२।६।२८

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेतमा मुद्रित

आन्तरिक मामिला तथा कानून मन्त्रालय